नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा)

प सं: ०७५/०७६
च नं: ३८०

सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११

मितिः २०७५।१०।१४

विषयः नेपाल स्वास्थ्य सेवा, ८ औं तहको ज्येष्ठता विवरण प्रकाशित गरिएको सम्वन्धमा ।

कमचारी समायोजन अध्यादेश, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा कमचारी समायोजन प्रयोजनार्थ मिति २०७५ पौष १२ गतेको गोरखापत्रमा प्रकाशित सूचना अनुसार माघ २ गतेसम्म अनलाइनबाट आफ्नो रोजाइको प्राथमिकता छनौट गर्ने कार्य सम्पन भई सकेको छ ।उक्त अध्यादेशको दफा ८ मा तोकिएका आधारहरूमा कमचारी समायोजन गर्नका लागि निजामती कितावखानामा रहेको विवरणलाई अध्यावधिक गराउन पटक पटक सूचना प्रकाशन गरिएकोमा हालसम्म अध्यावधिक भएको विवरण तपशील बमोजिम सार्वजनिक गरिएको छ । उक्त विवरणमा समेत आफ्नो विवरण अध्यावधिक नभई समायोजन प्रकृयामा ज्येष्ठता निर्धारणमा असर पर्ने देखिएमा फरक पर्न गएको विवरण सच्याउनको लागि पुष्टि गर्ने प्रमाणित कागजात ३(तीन) दिनभित्र तल दिइएको इमेलमा वा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको कमचारी प्रशासन शाखामा पठाउनुहुन सम्बिधत सवैलाई जानकारी गराईएको छ । कर्मचारीबाट प्राप्त थप विवरणको आधिकारिकता प्रमाणित भएपछि सो विवरण समेत समावेश गरी समायोजन कार्य गरिनेछ । समायोजन गर्दा यसै विवरणलाई ज्येष्ठताको आधार मानिने भएकाले तोकिएको समायावधि भित्र विवरण अध्यावधिक नगराएको कारणबाट ज्येष्ठता फरक परेमा स्वयं कर्मचारी जिम्मेवार हुने व्यहोरा जानकारी गराइछ ।

*पुनश्चः कागजात पठाउँदा हरेक पृष्ठमा कर्मचारी स्वयंले प्रमाणित गरी पठाउनु पर्ने छ । गलत नियत राखी प्रविधिको दुरूपयोग गरी झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिम दण्डनीय हुने व्यहोरा समेत जानकारी गराईन्छ ।*

<u>बिवरण पठाउने ठेगाना</u>

कर्मचारी प्रशासन शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

**Email:** cmmofald@gmail.com,

<u>थप जानकारीको लागि सम्पर्क</u>

उपसचिव श्री बाबुराम लामिछाने- ९८६५१२२८२३
शम्भु काफ्ले, ज.स्व.प्रशासक- ९८४९५९०७१५
शम्भु कटुवाल- शा.अ.९८४१७२४४५१

**<u>प्रकाशित विवरणमा कुन कुन विवरण फरक परेमा सम्पर्क गर्ने?</u>**

- हालको सेवा, समहू, उपसमहू, तह तथा कार्यरत कार्यालय फरक परेमा वा आफ्नो नाम सम्बधित सेवा, समहूको सूचीमा उल्लेख नभएमा ।
- हालको पदमा ज्येष्ठता लागु हुने नियुक्ति मिति फरक परेमा ।
- हालको पद भन्दा एक तह मुनिको पदको ज्येष्ठता मिति फरक परेमा ।
- अन्य कमचारीको विवरणमा त्रुटि भएको कारण आफुलाई असर पर्न भएमा ।